बैठक संख्या - ६४

समय:- बिहान १०.३० बजे

आज मिति २०८१ साल मंसिर महिनाको २३ गते आईतबारको दिन हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

श्री लक्ष्मी देवी पाण्डे – अध्यक्ष

श्री पूर्ण सिं राना मगर – उपाध्यक्ष

श्री रेवती सारु (मगर) – कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता

श्री प्रेम बहादुर घर्ती - कार्यपालिका सदस्य एव वडा अध्यक्ष, वडा नं १

श्री कृष्ण बहादुर थापा - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २

श्री विष्णु राना (मगर) - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३

श्री महेन्द्र पाण्डेय - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४

श्री पदम वहादुर राना मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५

श्री छ्रंम बहादुर सोमै मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६

श्री उर्मिला महतो - कार्यपालिका सदस्य

श्री तुलीसरा सोमै मगर - कार्यपालिका सदस्य

श्री बिनीसरा ढेंगा मगर - कार्यपालिका सदस्य

श्री मोतीलाल कुमाल - कार्यपालिका सदस्य

श्री केमान सिंह - कार्यपालिका सदस्य

श्री हरि प्रसाद पराजुली - प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव

अन्य उपस्थिती –

श्री राजेन्द्र प्रसाद रेग्मी – लेखा अधिकृत

श्री रवि काफ्ले – प्रशासकीय अधिकृत

श्री रविन्द्र सापकोटा – प्रशासकीय अधिकृत

CamScanner

२०८१ साल मंसिर २३ गते भएको गाउँपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न १ – कर्मचारी नियुक्ति सम्बन्धमा।

निर्णय न १.

प्रस्ताव न १ माथि छलफल गर्दा लोक सेवा आयोग गण्डकी प्रदेशको सूचना न. २५८/२०८१ –८२, मिति २०८१/०७/ २७ गतेको निर्णयानुसार यस गाउँपालिकाको कार्यालयलाई भएको पत्राचार बमोजिम नलगाड नगरपालिका, वडा न.२, जाजरकोट स्थायी ठेगाना भएका श्री नारायण खत्रीलाई प्रशासकीय अधिकृतमा नियुक्त गरी हाजिर गराइ यस कार्यालयमा प्रशासकीय अधिकृत दरवन्दी बमोजिम २ जना पहिले नै रहेकोले निजलाई अन्यत्र सहमति भइ जान समेत स्विकृत दिने निर्णय गरियो।

प्रस्ताव न २ – मासुमा अनुदान रकमको भुक्तानि दिने सम्बन्धमा।

निर्णय न २.

प्रस्ताव न २ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न. ४ झ्यालवासमा संचालनमा रहेको श्री लेकवेशी सामाजिक उद्यमी महिला सहकारी संस्था लि. ले आ.व. २०८०/०८१ मा गाउँपालिकाको नीति अनुरुप खसी बोका उत्पादन गर्ने कृषकहरुलाई प्रति के.जि. १० रुपैयाका दरले अनुदान रकम उपलब्ध गराउने भनि निर्णय भएकोमा गण्डकी प्रदेश सरकारले नीति तथा कार्यक्रममा राखी उक्त रकम दिने भनि दोस्रो चौमासिक सम्मको रकम विभिन्न सहकारी संस्थाहरुलाई भुक्तानी गरेको र अन्तिम चौमासिकमा रकम अभावको कारण श्री लेकवेशी सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडलाई रकम निकासा गर्दा १५,६४३ के.जि वरावरको रकम अपुग भएकोले भुक्तानी नभएको भनी भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको च न १७९ मिति २०८१/०८/०७ गतेको पत्रबाट लेखि आएकोले १५,६४३ के.जि वरावरको हुन आउने रु ३,१२,८६० रकम श्री लेकवेशी सामाजिक उद्यमी महिला सहकारी संस्थालि.लाई कागजातका आधारमा यस आ.व. मा दुधमा अनुदान शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो।

प्रस्ताव न ३ – सामाग्री सहयोग सम्बन्धमा।

निर्णय न ३.

प्रस्ताव न ३ माथि छलफल गर्दा सनातन भजन कृतन समुह, सोरठी समुह वडा न ६ र वुद्ध चोक टोल विकास समितिबाट वाद्यवादनका सामाग्रि खरिदका लागि माग भएकोले तपशिल बमोजिम भजन/वाध्यवाधन सामाग्री उपलब्ध गराउने निर्णय गरियो।

लक्ष्मी पाण्डे
अध्यक्ष

२०८१ साल मंसिर २३ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरु

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

तपशिलः

| क्र स | समुहको नाम | रकम | शिर्षक |
|---|---|---|---|
| १ | सनातन भजन कृतन समूह | ३०,००० | आर्थिक तथा अन्य सामाजिक सहायता |
| २ | वुद्ध चोक टोल विकास समिति | ३०,००० | आर्थिक तथा अन्य सामाजिक सहायता |
| ३ | वडा न ६ को सोरठी नाच समूह | ३०,००० | आर्थिक तथा अन्य सामाजिक सहायता |

प्रस्ताव न ४ — एम्बुलेन्स उपलब्ध गराउने सम्बन्धमा।

निर्णय न ४.

प्रस्ताव न ४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न. ४ स्थित श्री देउराली प्राथामिक अस्पतालवाट एम्वुलेन्स माग भई आएको र यस गाँउपालिकामा विरामीको चाप बढ्दो रहेको कारण हाल सञ्चालनमा रहेको एउटा मात्र पुरानो एम्बुलेन्सले मात्र सम्भव नरहेकोले नया एम्बुलेन्स व्यवस्थापन गर्नका लागि जिल्ला स्वास्थ्य कार्यालय मार्फत सम्बन्धित निकायमा यथा सिघ्र सिफारिस गरी पठाउने निर्णय गरियो।

प्रस्ताव न ५ — तलव भुक्तानी सम्वन्धमा।

निर्णय न ५.

प्रस्ताव न ५ — माथि छलफल गर्दा श्री शिक्षा वोधनी विद्यालय, शंखदेवमा कार्यालय सहयोगी पदमा कार्यरत श्री शालिकराम खरालले यस गाउँपालिकाको कार्यालयमा पेश गरेको निवेदन वमोजिम सर्वोच्च अदालतको च.न. ४१४४ मिति २०८१/०३/१९ गतेको निर्णयानुसार, मिति २०८१/०३/२४ गते देखि विद्यालयमा हाजिर गराईएता पनि निजलाई हालसम्म पनि तलव भत्ता उपलब्ध नगराईएको हुदा निजको निवेदन उपर शिक्षा शाखासँग स्पष्ट जवाफ माग गर्ने निर्णय गरियो।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

२०८१ साल मंसिर २३ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न ६ — नेपाली क्रिस्टियन नागरिक संघको सुचिकृत सम्बन्धमा।

निर्णय न ६.

प्रस्ताव न ६ — माथि छलफल गर्दा नेपाली कृष्टियन नागरिक संघका पत्रानुसार वडा न. ३ को कार्यालयको च.न. १८७८ मिति २०८१/०२/२४ को सिफारिस पत्रानुसार नियमानुसार उक्त संघलाई यस गाउँपालिकामा सूचिकृत गर्नका लागि सिफारिस भए अनुसार नियमानुसार सुचिकृत गर्ने निर्णय गरियो।

प्रस्ताव न ७ — सम्झौता सम्वन्धमा।

निर्णय न ७.

प्रस्ताव न ७ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजित वजेट शिर्षक संचार माध्यसंगको साझेदारीमा गाउँपालिका सम्वन्धी कार्यक्रम उत्पादनका लागि यस गाउँपालिकामा सूचिकृत विभिन्न फर्मसंग प्रस्ताव माग गरिएको र उक्त प्रस्तावहरुलाई गाउँपालिकाको मुल्याँकन समितिवाट मुल्यांकन गर्दा मध्यविन्दु संचार सेवा प्रा.लि. कावासोति छनौट भएको हुदा उक्त फर्मसंग सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव न ८ — आर्थिक प्रतिवद्धता सम्वन्धमा।

निर्णय न ८.

प्रस्ताव न ८ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न. ४ मा रहेको ज्वाला माध्यमिक विद्यालयमा गोर्खा वेलफेयरबाट भवन निर्माणका लागि सिभिल ईन्जिनियरिङ्ग शिक्षा संचालनका लागि मिति २०८१ मंसिर १७ गते देखि २३ गतेसम्म संचालन भएको श्रीमद्भागवत धनधन्याचल ज्ञान महायज्ञ २०८१ मा गाउँपालिकाको तर्फवाट आर्थिक सहायता उपलव्ध ग्राउने सम्वन्धमा।

प्रस्ताव न ९ — प्रहरी चौकीको स्तरोन्नती र कार्यक्षेत्र विस्तार सम्वन्धमा।

निर्णय न ९.

प्रस्ताव न ९ माथि छलफल गर्दा यस गाउँपालिका वडा न. १ मा रहेको हुप्सेकोट प्रहरी चौकी, बेलुवालाई ईलाका प्रहरी चौकीमा रुपान्तरण गर्नका भित्र पर्ने साविकको हुप्सेकोट गा.वि.स. हाल गाउँपालिकाको वडा न. ६ भएको तथा सो स्थान भौगोलिक हिसावले ठुलो भएको हुदा सुरक्षा जोखिम भएकोले सो स्थानमा प्रहरी चौकीको आवश्यक्ता महसुस गरि अस्थायी प्रहरी चौकी निर्माणको लागि गृह मन्त्रालयमा पत्राचार गर्ने र लागि पनि गृह मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

२०८१ साल मंसिर २३ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न. १० — प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्विकृत गर्ने सम्बन्धमा ।

निर्णय न. १०.

प्रस्ताव न. १० माथि छलफल गर्दा यस गाउँपालकाको गिरुवारी खोला, पत्थर खोला र केरुङ्गे खोलाको तपशिल बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्विकृत गर्ने निर्णय गरियो।

तपशिल:

| S.N | Site | Polygon | Area(m2) | Area 1/3 part | Height | Total Volume | Total Vol Of Sites in Cu.M |
|---|---|---|---|---|---|---|---|
| गिरुवारी खोला | | | | | | | |
| | बेलहानी खण्ड | | | | | | |
| 1 | क | 1 | 10368 | 3456.00 | 0.8 | 2764.80 | |
| Start | 27°41'30.46"N | 2 | 84991 | 28330.33 | 0.8 | 22664.27 | |
| | 84° 3'17.26"E | 3 | 6000 | 2000.00 | 0.9 | 1800.00 | |
| | | 4 | 41317 | 13772.33 | 1 | 13772.33 | |
| | | 5 | 10686 | 3562.00 | 0.9 | 3205.80 | 52709.8 |
| | | 6 | 4242 | 1414.00 | 1 | 1414.00 | |
| | | 7 | 8659 | 2886.33 | 0.8 | 2309.07 | |
| | | 8 | 2422 | 807.33 | 1 | 807.33 | |
| End | 27°40'55.81"N | 9 | 3026 | 1008.67 | 1 | 1008.67 | |
| | 84° 2'35.68"E | 10 | 8357 | 2785.67 | 0.8 | 2228.53 | |
| | | 11 | 2450 | 816.67 | 0.9 | 735.00 | |
| | | | | | | | |
| | बेलहानी खण्ड | | | | | | |
| 2 | ख | 12 | 1435 | 478.33 | 1 | 478.33 | |
| Start | 27°40'55.80"N | 13 | 12973 | 4324.33 | 1 | 4324.33 | |
| | 84° 2'35.64"E | 14 | 11590 | 3863.33 | 0.9 | 3477.00 | |
| | | 15 | 10922 | 3640.67 | 1 | 3640.67 | |
| | | 16 | 28694 | 9564.67 | 0.9 | 8608.20 | |
| | | 17 | 5374 | 1791.33 | 0.9 | 1612.20 | 37668.00 |
| | | 18 | 25341 | 8447.00 | 1 | 8447.00 | |
| | | 19 | 4499 | 1499.67 | 1 | 1499.67 | |
| | | 20 | 3230 | 1076.67 | 1 | 1076.67 | |
| | | 21 | 2470 | 823.33 | 0.9 | 741.00 | |
| | | 22 | 4372 | 1457.33 | 0.9 | 1311.60 | |
| End | 27°40'15.11"N | 23 | 3429 | 1143.00 | 1 | 1143.00 | |
| | 84° 2'1.14"E | 24 | 3925 | 1308.33 | 1 | 1308.33 | |

२०८१ साल मंसिर २३ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरु

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गिरुवारी खण्ड | | | | | | |
| 3 | क | 25 | 3048 | 1016.00 | 1 | 1016.00 | |
| Start | 27°40'15.61"N | 26 | 23391 | 7797.00 | 0.9 | 7017.30 | |
| | 84° 2'0.62"E | 27 | 83530 | 27843.33 | 1 | 27843.33 | |
| | | 28 | 29701 | 9900.33 | 0.9 | 8910.30 | |
| | | 29 | 1249 | 416.33 | 0.9 | 374.70 | 50715.77 |
| | | 30 | 3179 | 1059.67 | 1 | 1059.67 | |
| | | 31 | 5723 | 1907.67 | 1 | 1907.67 | |
| | | 32 | 3165 | 1055.00 | 0.9 | 949.50 | |
| End | 27°39'48.53"N | 33 | 3291 | 1097.00 | 1 | 1097.00 | |
| | 84° 1'20.84"E | 34 | 1801 | 600.33 | 0.9 | 540.30 | |
| | गिरुवारी खण्ड | | | | | | |
| 4 | ख | 35 | 19335 | 6445.00 | 0.9 | 5800.50 | |
| Start | 27°39'48.85"N | 36 | 12971 | 4323.67 | 1 | 4323.67 | |
| | 84° 1'20.37"E | 37 | 26152 | 8717.33 | 1 | 8717.33 | |
| | | 38 | 11552 | 3850.67 | 0.9 | 3465.60 | |
| | | 39 | 10829 | 3609.67 | 1 | 3609.67 | 44863.30 |
| | | 40 | 59496 | 19832.00 | 0.8 | 15865.60 | |
| | | 41 | 6129 | 2043.00 | 0.9 | 1838.70 | |
| | | 42 | 723 | 241.00 | 0.9 | 216.90 | |
| End | 27°39'12.89"N | 43 | 2948 | 982.67 | 1 | 982.67 | |
| | 84° 0'31.00"E | 44 | 128 | 42.67 | 1 | 42.67 | |
| | कोलिया खण्ड | | | | | | |
| 5 | क | 45 | 7709 | 2569.67 | 0.9 | 2312.70 | |
| Start | 27°38'48.83"N | 46 | 24470 | 8156.67 | 1 | 8156.67 | |
| | 84° 0'9.32"E | 47 | 30657 | 10219.00 | 0.9 | 9197.10 | 23087.37 |
| End | 27°38'18.09"N | 48 | 11403 | 3801.00 | 0.9 | 3420.90 | |
| | 84° 0'3.02"E | | | | | | |
| | कोलिया खण्ड | | | | | | |
| 6 | ख | 49 | 13250 | 4416.67 | 1 | 4416.67 | |
| Start | 27°38'17.36"N | 50 | 27154 | 9051.33 | 0.9 | 8146.20 | |
| | 84° 0'4.04"E | 51 | 13103 | 4367.67 | 1 | 4367.67 | 30212.53 |
| End | 27°37'50.01"N | 52 | 38450 | 12816.67 | 0.9 | 11535.00 | |
| | 84° 0'14.33"E | 53 | 5241 | 1747.00 | 1 | 1747.00 | |
| पत्थर खोला | | | | | | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| Start | 27°40'5.78" N<br>84°4'50.20" E | २०३० | २०३० | २७८३१.३३ |
| End | 27°40'5.82" N<br>84°4'50.19" E | | | |
| Start | 27°39'26.54"N<br>84°4'58.07"E | | | |
| End | 27°38'40.84"N<br>84°5'4.36"E | २५८०१.३३ | २५८०१.३३ | |
| केरुंगे खोला हुप्सेकोट ४-५ ( पांग्रेघाट क्षेत्र ) | 27.730870°N<br>84.120314°E<br>27.739392°N<br>84.120524°E | | 12168.75 | 12168.75 |

प्रस्ताव न ११ — मिनिटिलर वितरण कार्यविधि, २०८१ सम्वन्धमा।

निर्णय न ११.

प्रस्ताव न ११ — माथि छलफल गर्दा विधायन व्यवस्थापन समितिबाट पेश भएको मिनिटेलर वितरण कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

प्रस्ताव न १२ — मिनिटेलर वितरण सम्वन्धमा।

निर्णय न १२.

प्रस्ताव न १२ माथि छलफल गर्दा आ व ०७९/८० मा नवप्रवर्तन साझेदारी कार्यक्रमबाट खरिद भएको मिनिटेलर यस गाँउपालिकाको मिनिटेलर वितरण कार्यविधि, २०८१ को परिधिभित्र रहि तपशिल बमोजिम वितरण गर्ने निर्णय गरियो।

२०८१ साल मंसिर २३ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न १३ बेलुवा आँखा अस्पतालको रकम भुक्तानी सम्बन्धमा।

निर्णय न १३

प्रस्ताव न १३ माथि छलफल गर्दा यस गाँउपालिका वडा न ४ मा आँखा उपचार केन्द्र सञ्चालनका लागि यस गाँउपालिका र भरतपुर आँखा अस्पताल विच मिति २०७७ फाल्गुण २१ गते भएको सम्झौता वमोजिम आ व ०८०/८१ को आँखा उपचार केन्द्र सञ्चालन वापतको रक १ रु ६ लाख भरतपुर आँखा अस्पतालको नाममा भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव न १४ सहायता रकम सम्वन्धमा।

निर्णय न १४

प्रस्तावं न १४ माथि छलफल गर्दा यस गाँउपालिका वडा न २ निवासी श्री तोल बहादुर क्षेत्री मुटुरोगि तथा अपाङ्ग समेत भएको र नाजुक आर्थिक अवस्थाका कारण घरको छाना समेत मर्मत गर्न नसक्ने भएकोले घरको छानो मर्मतका लागि आर्थिक सहयोग माग भइ आएकोले निजलाई विल भर्पाइ समेत पेश गर्ने गरी रु २० हजार सहायता रकम भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव न १५ मोहनडाँडा भंडारी जगदेव हुँदै ६ न वडा कार्यालय जाने वाटो स्तरोन्नती सम्वन्धमा।

निर्णय न १५

प्रस्ताव न १५ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारवाट मोहनडाँडा भंडारी हुँदै ६ न वडा कार्यालय जाने वाटो स्तरोन्नती शिर्षकमा विनियोजित रु ३० लाख रकमको कार्य वडा न ६ को बनकासे भन्ज्याङ क्षेत्रबाट सुरु गर्नका लागि पुर्वाधार कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव न १६ वडा न २ को हात्तिगौंडा सार्वजनिक भवन निर्माण सम्वन्धमा।

निर्णय न १६

प्रस्ताव न १६ माथि छलफल गर्दा यस गाँउपालिकाको चालु आर्थिक वर्षको स्विकृत वजेट अन्तरगत हात्तिगौंडा सार्वजनिक भवन निर्माणका लागि रु २५ लाख विनियोजन भएकोमा रु ३३ लाख ३ हजार २ सय ३६ रुपैयाको लागत अनुमान तयार हुन आएकोले थप हुन आउने रकम रु ८ लाख ३ हजार २ सय ३६ रुपैया यस गाँउपालिकाको चालु आ व को [illegible] ~~[illegible]~~ कार्यक्रम शिर्षकवाट रकमान्तर गरी वजेट सुनिश्चित गर्ने निर्णय गरियो।

प्रस्ताव न १७ वडा न ५ को हर्दे, राम्चे र बाकखोरमा खानेपानी सम्वन्धमा।

२०८१ साल मंसिर २३ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न १७ वडा न ५ को हर्दे, राम्चे र वाकखोरमा खानेपानी सम्वन्धमा।

निर्णय न १७

प्रस्ताव न १७ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षमा संघीय विशेष अनुदानमा विनियोजित रुद्रपुर खानेपानी योजनाको स्किम १ अन्तरगत वडा न ५ का हर्दे, राम्चे र वाकखोरमा खानेपानी पहुँच विस्तार गर्नका लागि श्री कालिगण्डकी निर्माण सेवा सँग सम्झौता भई कार्य भइरहेकोमा उक्त स्थानहरुमा खानेपानी लिफ्टद्वारा पुऱ्याउनका लागि सम्पुर्ण मुहानवाट कलेक्सन च्याम्बर सम्म विद्युत विस्तार गर्नको लागि Bill of Quantity मा उल्लेखित आइटम भन्दा थप काम गर्न आवश्यक भएको र दररेट लगायतका विविध कारणले उक्त कार्य गर्न नसकिने भनि निर्माण व्यवसायीले पत्र मार्फत जानकारी गराएको र विद्युत विस्तार कार्य सम्पन्न नगरी खानेपानी आपुर्तिको कार्य गर्न नसकिएका कारण Bill of Quantity मा उल्लेखित आइटम भन्दा थप काम तत्काल गर्नुपर्ने देखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सोझै खरिद विधिबाट खरिद कार्य गरी कार्य अगाडि बढाउनका लागि प्राविधिक शाखाबाट टिप्पणी साथ पेश हुन आएकोले उक्त ठेक्कामा Bill of Quantity भन्दा थप काम कोटेशन विधिबाट सञ्चालन गरी सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै सो थप कार्य सम्पन्न भए पश्चात सोहि खानेपानी आयोजनाका लागि विनियोजित विशेष अनुदान रकमबाटनै भुक्तानि दिने निर्णय गरियो।